मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ माघ १८ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

◆ वर्ष : २६ ◆ अङ्क : ७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ २२ गते बिहीवार (Thursday, February 4. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## दाहाल-नेपाल समूह हड्तालमा, ओली समूह सभामा

**झापा, माघ २१।** दाहाल-नेपाल समूहको नेकपाले सरकारले संवैधानिक पदहरूमा गैरकानूनी नियुक्ति गरेको बिरोधमा सशक्त आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

संवैधानिक निकायका पदाधिकारीलाई जबरजस्ती ढंगमा शपथ गराइएपछि सचिवालय बैठकले आन्दोलनका कार्यक्रम थप सशक्त गर्ने निर्णय गरेको हो ।

बुधबार पत्रकार सम्मेलन गर्दै दाहाल-नेपाल समूहले बन्दहड्ताल लगायतका कार्यक्रम सार्वजनिक गरेको छ । यस अन्तर्गत आज बिहीबार देशव्यापी हडताल आयोजना गरिएको नेतृ पम्फा भुसालले जानकारी दिइन् ।

देश आन्दोलनमै रहेको अवस्थामा सरकार र राष्ट्रपति मिलेर बलमिच्याइँपूर्वक संवैधानिक परिषद्मा पदाधिकारी नियुक्त गरी शपथ गराइएको, सभामुखलाई संवैधानिक परिषद् बैठकमा नबोलाइएको र संसदीय सुनुवाइ नै नगरी नियुक्ति गरिएको भन्दै उक्त समूहले विरोध गरेको हो । पार्टीले सरकारको कदम खारेजीको माग गरेको छ ।

यसैबीच सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी ओली समूहको वाग्मती प्रदेश कमिटीले यही माघ २३ गते काठमाडौंमा आयोजना गर्ने जनसभाको तयारीका लागि पार्टीका सबै जनसङ्गठन परिचालित भएका छन् ।

प्रतिनिधिसभा विघटन भई निर्वाचन घोषणा गरिएको नयाँ परिस्थितिमा राजनीतिक घटनाक्रमबारे सन्देश दिन काठमाडौंमा पहिलोपटक हुन लागेको सभा सफल बनाउन युवा, बिद्यार्थी, किसान, महिला, बुद्धिजीवी, प्रेस, शिक्षक, अपाङ्गतालगायत पेशा र क्षेत्रका जनसङ्गठनलाई परिचालन गरेको हो । ती सङ्गठनको केन्द्रीय नेतृत्वले सभामा उपस्थिति बढाउन र प्रचारप्रसार गर्न आफ्नातर्फबाट कार्ययोजना बनाई व्यवस्थितरुपमा काम शुरु गरेका छन् ।

ती सङ्गठनले सो दिन काठमाडौंका माइतीघर मण्डला, त्रिपुरेश्वर, जमल, पुतलीसडक, घण्टाघरलगायत विभिन्न तोकिएका स्थानमा भेला भई आफ्नो ब्यानर र झाँकीसहित उपस्थिति जनाउने प्रदेश कमिटीका अध्यक्ष आनन्द पोखरेलले जानकारी दिनुभयो । उहाँले काठमाडौं उपत्यका र प्रदेशका जिल्लाबाट उत्साहजनक तयारी देखिएकाले जनसभा विशेष हुने अपेक्षा आफूहरुले गरेको बताए ।

नेकपाको पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल समूहले प्रतिनिधिसभाको विरोधमा कार्यक्रम गरिरहेकाले यसबारे वाग्मती प्रदेश र काठमाडौं उपत्यकाका कार्यकर्ता, समर्थक र जनस्तरमा धारणा स्पष्ट गर्न नेकपाले सभाको आयोजना गरेको हो ।

# पर्यटकीय क्षेत्रमा टिकटक बनाउनेको लहर



**झापा, माघ २१।** पछिल्लो सयम सामाजिक सञ्जाल टिकटक मन नपराउने कमै होलान् । अझ टिकटक मन नपराउने र नचलाउने युवापुस्ता त विरलै मात्र भेटिएलान् । अहिले सबैको रोजाइमा छ- टिकटक । मनोरञ्जनका लागि बालबालिकादेखि वृद्धवृद्धासम्मले टिकटकको सहारा लिने गरेका छन् ।

श्रव्यदृष्य साझेदारी गर्ने सामाजिक सञ्जालको रुपमा लिइएको टिकटकको प्रयोग चीनबाट शुरु भएको हो । सन् २०१२मा चीनबाट शुरु भएको टिकटक अहिले संसारभर फैलिएको छ । विश्वका विकसित मुलुकमा मात्र हैन संसारभरका युवाले यो एप्सलाई अत्यधिक रुचाएका छन् । नेपालमा पनि टिकटक प्रयोगकर्ताको संख्या दिनानुदिन बढ्दो छ । विशेष गरी युवापुस्ताले टिकटकलाई बढी रुचाएका छन् ।

अहिले झापाका सबैजसो पर्यटकीय क्षेत्रमा टिकटक बनाउनेको लहर नै चलेको देखिन्छ । वनभोज तथा घुमफिरका लागि आएका युवा सबैजसो ठाउँमा टिकटक बनाउन नै व्यस्त देखिन्छन् ।

शिवसताक्षी नगरपालिकामा पर्ने दोमुखामा मोरङको उर्लावारीबाट आएकी गंगा पौडेल केही दिन अघि टिकटक बनाउन व्यस्त देखिन्थिन् । उनीसँगै आएका अन्य किशोरीहरुपनि कनकाईको तटीय क्षेत्रमा टिकटक बनाउन तल्लिन थिए ।

दमकस्थित निम्स नेशनल अस्पतालमा कार्यरत उनीसहित उनका साथीहरु बनभोजका लागि दोमुखा आएका थिए । बनभोज आएका उनीहरु खान र घुमफिरमा भन्दा टिकटक बनाउँदा बढी उत्साहित देखिन्थे । दोमुखामा देखिएको वाटरफल्स, पहाडी डाँडाकाँडा, हरियाली र खोलाको कलकल बग्ने पानीले मन भुरुङ्ग भयो- पौडेलले भनिन्- स्मरणका लागि यहाँको वातावरण सुहाउँदो टिकटक बनाउँदैछौं । आफूहरुले टिकटक चलाउन शुरु गरेको धेरै समय नभए पनि टिकटकमा रुची भएका कारण टिकटक बनाएको उनले बताइन् ।

दमककै सजना न्यौपानेसहित तीन किशोरीहरु पनि माई खोलाको बगरमा नृत्य गर्दै टिकटक बनाइरहेका थिए । उनीहरु मध्ये सजनाले अन्य दुई जनालाई नृत्य गर्न सिकाउँदै टिकटक बनाउँदै थिए । दोमुखा आफैंमा राम्रो ठाउँ रहेछ पिकनिक खान आएका थियौं, ठाउँ राम्रो लाग्यो अनि टिकटक बनाएका हौं- न्यौपानेले भनिन् ।

उनीजस्तै कुसुम गौतम पनि दोमुखामा टिकटक बनाउन नै व्यस्त देखिन्थिन् । थरी-थरी बोलका गीतमा उनी पनि टिकटक बनाइरहेकी थिइन् । कहिले एउटा पोज त कहिले अर्को पोज, ड्रेस परिर्वतन गरी टिकटक बनाएको देख्दा लाग्यो साँच्चै उनीहरुले मनोरञ्जन गरिरहेका छन् । फलोअर्स निक्कै छन्- उनले भनिन- नयाँ ठाउँमा आएर बनाएको टिकटकका फलोअर्स अझ धेरै हुन्छन्, त्यही भएर यहाँका हरेक लोकेशनमा टिकटक बनाउँदैछु ।

दोमुखाको तटीय क्षेत्रमा टिकटक बनाउने मध्येकी पूजा खकुरेलले भनिन्- मानिसलाई खुशी हुन धेरै कुरा चाहिँदैन रहेछ, यहाँको वातावरणले नै मन प्रफुल्लित हुन्छ । सँधै काममा व्यस्त रहनेहरुले हप्तामा एकपटक यस्ता ठाउँमा घुम्न जाने र टिकटक बनाउने, सामाजिक सञ्जाल फेसबुक, भाइवर, म्यासेन्जर, इन्स्टाग्राम फोटो भिडियो पोष्ट गर्ने हो भने छुट्टै आनन्द आउँछ । अहिले मलाइ पनि यहाँ आएपछि बेग्लै आनन्द महशुस भइरहेको छ । आफूमा भएको सारा थकान मेटिएको अनुभव भएको छ । अझ साथीहरुसंग टिकटक बनाउँदै नाच्दा त झनै आनन्द आउँछ ।

दोमुखा परिसरमा घुमफिर र बनभोजका लागि सयौले अहिले टिकटक बनाइरहेको देख्न सकिन्छ । अझ दोमुखामा रहेको झोलुङ्गे पुलमा गएर टिकटक बनाउनेको भीड नै लाग्ने गरेको छ । भुरुङ्गादेखि दोमुखा जोड्ने गरी माई खोलामा बनाइएको झोलुङ्गे पुलमा टिकटक बनाउनेको दिनहुँ ठूलै जमात देख्न सकिन्छ ।

झापाको दोमुखा एउटा प्रतिनिधि पर्यटकीय क्षेत्र मात्रै हो । सबैजसो पर्यटकीय क्षेत्रमा अहिले बनभोज र टिकटक बनाउनेको भीड देख्न सकिन्छ । दोमुखा, जामुनखाडी, सताक्षीधाम, साधुकुटी, भुरुङ्गा, सेल्फीडाँडा, बाँसवारी, सालवारी, कृष्ण थुम्की, बर्ने चिया बगान, किच्चकबध, कचनकवलसहित सबैजसो पर्यटकीय क्षेत्र अहिले टिकटक बनाउने र घुमफिर गर्नेले भरिभराउ देखिन्छन् । कोरोना भाइरसका कारण थलिएको पर्यटन व्यवसाय अहिले बिस्तारै तङ्ग्रिँदै गएको छ ।

## कनकाईमा १० हजारलाई धनीपुर्जा वितरण गरिने

**झापा, माघ २१।** झापा कनकाईमा रहेका भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित रुपमा वर्षौदेखि बसोबास गर्दै आएका १० हजारभन्दा बढी नगरवासीलाई धनीपुर्जा वितरणको तयारी अन्तिम चरणमा पुगेको छ ।

जनप्रतिनिधिले स्थानीय तहको जिम्मेवारी सम्हालेसँगै धनीपुर्जा वितरणको कार्यलाई पहिलो प्राथमिकतामा राखेको बताउँदै स्थानीय सरकार प्रमुख राजेन्द्र पोखरेलले विभिन्न बाधा व्यवधानका बीच पनि आफूहरुले निर्वाचनमा गरेको प्रतिबद्धता पूरा गर्न लागेको बताए ।

नगरभित्रका बाटो सडक, बिजुली बत्ती, कृषि, शिक्षा, स्वास्थ्यलगायत भौतिक पूर्वाधार निर्माणको कार्य तीव्र रुपमा भइरहेको भए पनि अब धनीपुर्जा वितरणको कार्य सम्पन्न भएसँगै निर्वाचनका समयमा जनप्रतिनिधिले गरेको प्रतिबद्धता पूरा हुने नगर प्रमुख पोखरेलले बताए । हाल कनकाईका सबै वडामा लगत सङ्कलन तथा दर्ता शिविरको कार्य तीव्रताका साथ भइरहेका कारण यसै आर्थिक वर्षभित्रमा कनकाई नगर क्षेत्रका १० हजारभन्दा बढी घरपरिवारलाई जग्गाधनी दर्ता पुर्जा वितरण गरिने नगर प्रमुख पोखरेल बताउँछन् ।

नगरका सबै वडामा सजिलो र छिटो हुने प्रविधि टोटल स्टेशनबाटै जिपिएस प्रविधिबाट जग्गा नाप्ने काम समेत सम्पन्न भइसकेकाले हाल वडा कार्यालयमा अन्य सेवाभन्दा पनि यसै कार्यका लागि थप कर्मचारीको व्यवस्थापन गरी दर्ता शिविर नै सञ्चालन गरिएको बताइएको छ ।

प्रदेश नं. १को कनकाई र उदयपुरको बेलका नगरपालिकामा मात्रै यो प्रविधिबाट जग्गा नापजाँच गरी धनीपुर्जा वितरणको अन्तिम तयारीमा नगरपालिका जुटिरहेको बताइएको छ । आफूसँग जमिन भए पनि धनीपुर्जा नभएका कारण सिञ्चाइका लागि मिटरबक्स जडान गर्ने कार्यमा समस्या आएको साथै बैंकिङ प्रयोजनका लागि समेत धनीपुर्जा नहुँदा दुःख पाएको गुनासो सुनाउँदै कनकाई-७की स्थानीयवासी तारा काफ्ले तथा छोरा मोहन काफ्लेले स्थानीय सरकारले देखाएको सक्रियताप्रति खुशी व्यक्त गरे ।

वर्षौदेखि जमिन जोतभोग गरिरहेको भए पनि धनीपुर्जा नहुँदाको अवस्थामा भोगेको पीडा सुनाउँदै काफ्लेले ढिलै भए पनि अब घर-घरमा सिंहदरबार आए झैं महशुस हुन थालेको बताए । बसोबास भएको जमीनको धनीपुर्जा नहुँदा जे-जति समस्या झेल्नु परे

*(बाँकी अन्तिम पृष्ठमा)*

विश्व क्यान्सर दिवस

# फोक्सोको क्यान्सरमा बृद्धि

संसारमा मृत्युको दोस्रो कारण क्यान्सर हो । ग्लोबल क्यान्सर अब्जेरभेटरीका अनुसार यो रोगबाट सन् २०२० मा मात्र ९९ लाख ५८ हजार ९ सय ३३ जनाको मृत्यु भएको छ भने यही बर्ष १ करोड ९२ लाख ९२ हजार७ सय ८९ नयाँ क्यान्सरका बिरामी थपिएका छन् । नेपालमा गएको बर्ष १३ हजार ६ सय २९ जनाको क्यान्सरका कारण ज्यान गएको थियो भने सोही बर्ष २० हजार आठ सय ०५ जना नयाँ क्यान्सरका बिरामी थपिएका थिए ।

नेपालमा सबै भन्दा बढी फोक्सोको क्यान्सर देखिएको छ । गएको बर्ष मात्र २ हजार ५ सय ५ जना फोक्सोको क्यान्सरका नयाँ बिरामी देखिएका छन् । त्यस्तै दोस्रोमा गर्भाशय/पाठेघरको क्यान्सर देखिएको छ । नेपालमा २ हजार चार सय ४४ जना महिलामा गर्भाशयको र १ हजार ५ सय ५२ स्तन क्यान्सर देखिएको हो । १ हजार ९० जनामा कोलेक्टम र



**डा. वीरेन्द्रकुमार यादव**

११ हजार १ सय १४ जनामा अन्य क्यान्सर डाइग्नोसिस भएको देखिन्छ । गत बर्षको तथ्यांक हेर्दा क्यान्सर रोग भयावह रुपमा रहेको छ । यो बाहेक डाइग्नोसिस नभएका बिरमी त्यत्तिकै संख्यामा रहेको अनुमान गर्न सकिन्छ ।

नेपालमा सन् २०२०मा थपिएका र गतबर्ष उपचार गरिरहेका बिरामीको संख्यामा ३० हजारभन्दा माथि छ । अस्पतालहरुमा उपचार गरिरहेका बिरामीले गुणस्तरीय उपचार पाइरहेका छैनन् । करिव १०-१५ प्रतिशत बिरामीले गुणस्तरीय उपचार पाउँछन् भने बाँकी ८५ प्रतिशत बिरामीले गुणस्तरीय उपचार पाउँदैनन् ।

साधारणतयाः क्यान्सरका बिरमीको रेडियोथेरापी उपचार गर्ने निर्णय सिटी सिमुलेसन गरिसकेपछि १ हप्ताभित्र उपचार पाइसक्नुपर्ने हुन्छ । त्यस्तै प्यालिएटिभ उपचार गर्नुपर्ने बिरामीलाई तुरुन्त रेडिएसन गर्नुपर्ने हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै नेपालको पूर्वी जिल्ला झापास्थित पूर्वाञ्चल क्यान्सर अस्पतालको एकै छानामुनि क्यान्सर उपचार सम्बन्धि सम्पूर्ण उपचार गर्ने उद्देश्यले पूर्वाञ्चल क्यान्सर अस्पतालको निर्माण सम्पन्न भई अत्याधुनिक मेसिनबाट उपचार भइरहेको छ । यस अस्पतालमा सबैभन्दा बढी महिलामा हुने स्तन क्यान्सर र पुरुषमा फोक्सोको

*(बाँकी अन्तिम पृष्ठमा)*

## आगलागीबाट बालकको मृत्यु

**खोटाङ, माघ २१।** खोटाङको रावाबेशी गाउँपालिका-४का उत्तम मगरको घरमा आगलागी हुँदा आगोले जलेर निजकै ७ बर्षीय छोरा जेसेन

*(बाँकी अन्तिम पृष्ठमा)*

**कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान, नगर समिति, बिर्तामोड झापाको**

**साधारणसभामा उपस्थित हुने बारे सूचना**

मितिः २०७७/१०/२१

यस कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान बिर्तामोड नगर समिति झापाको पांचौ बार्षिक साधारणसभा तथा चौथो अधिवेशन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने कुरा सम्पूर्ण कश्यप गोत्रीय अधिकारी बन्धुहरुमा जानकारी गराउँदछौं । साथै पत्र पठाई सकिएको हुँदा कारणबश प्त्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

मिति : २०७७/१०/२४ गते शनिवार

समय : विहान १०:०० बजे

स्थान : बिर्तामोड-६, बुट्टाबारी झापा (कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान बिर्तामोड-६मा रहेको आफ्नै जग्गामा कार्यक्रम आयोजना गरिएको छ ।

**सम्पर्कः ९८०२७७४०९५, ९८५२६८१२५६**

**कश्यप गोत्रीय अधिकारी बंश प्रतिष्ठान**

बिर्तामोड नगर समिति, झापा

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा माघ २४ गते शनिबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित अन्धुवा पुल छेउ (दक्षिण), हाइवेमा रहेको घर, पहिलो तला १२०० sqft भएको, बैंक तथा वित्तीय संस्थाको लागि उपयुक्त तथा सोही घरको दोस्रो र तेस्रो तला ६०० sqft भएको अफिस प्रयोजनको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

**सम्पर्कः ९८२५९४७२७७**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**VACANCY ANNOUNCEMENT**

Mahendra Purifier Pvt. Ltd. is looking for a competent, committed, self motivated and enthusiastic people for following position:

**Relationship Manager:-**
Salary : 21,000+3,000/- (Negotiable)
No. Of Vacancy : 4
Job Description : Sales & Marketing
Qualification : Bachelor Degree
Experience : Minimum 3 Years
Location : Birtamode & Chandragadhi

**Senior Sales Officer:-**
Salary : 18,000+2,000/- (Negotiable)
No. Of Vacancy : 8
Job Description : Sales & Marketing
Qualification : Minimum Bachelor Degree or Equivalent
Experience : Minimum 1 Year
Location : Birtamode & Chandragadhi

**Sales Officer:-**
Salary : 14,600+2,000/- (Negotiable)
No. Of Vacancy : 12
Job Description : Sales & marketing
Qualification : Minimum Intermediate Level or equivalent
Experience : Fresher are Welcome
Location : Birtamode & Chandragadhi

*Interested candidates may apply with recent passport size photograph and CV mentioning the position applied.*

**DEADLINE:** 7th FEBRUARY

**MAHENDRA PURIFIER PVT. LTD.**
Hetauda -5, Bhairab Road - Hetauda Complex
Contact No: 057-525904, 9801558301
Mail id: hr@mahendrapurifier.com
Web: www.mahendrapurifier.com
**Our Branches:-**
Chinari Suppeliers, Birtamode: 9823036007
Jhapali Purifier Kendra, Chandragadhi: 9852676870

## हलुवागढको विवादमा वडा कार्यालयले संयोजन गर्ने

**अमित खम्बू**

**अर्जुनधारा, माघ २१।** झापाको अर्जुनधारा-१स्थित हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा भएको तालाबन्दीको विषयमा उत्पन्न विवादमा स्थानीय वडा कार्यालयले संयोजन गर्ने भएको छ।

समूहद्वारा बुधबार समूहको कार्यालय परिसरमा आयोजित पत्रकार भेटघाटमा उक्त समस्याको समाधानका लागि वडाले सक्दो भूमिका निर्वाह गर्ने वडा सदस्य दिलबहादुर सारु मगरले प्रतिबद्धता जनाएका छन्।

त्यसैगरी समूहका अध्यक्ष चक्र तामाङले पनि तालाबन्दीको विषयमा समूहको कार्यसमितिले भन्दा वडा कार्यालयले नै संयोजन गर्नु उपयुक्त हुने बताएका थिए। उनले आवश्यक प्रमाण बिना ताला



तोडिएको घटनाको विषयमा आफ्नो संलग्नता रहेको भन्ने नेपाली कांग्रेस वडा समितिको प्रेस विज्ञप्तिप्रति आपत्ति जनाउँदै उक्त आरोप फिर्ता लिन समेत आग्रह गरेका छन्।

त्यस्तै आन्तरिक लेखा समितिको प्रतिवेदनमा उल्लेखित टिप्पणीहरुको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीमा परेको मुद्दाको अन्तिम किनारा नलाग्दासम्म असन्तुष्ट उपभोक्ताहरुले हाल भइरहेको समूहको टोल भेला रोक्ने विषयमा पनि सबडिभिजन वन कार्यालय सुरुङ्गाबाट पत्र प्राप्त भएको बताइएको छ। उक्त पत्रमा समूहको काम नरोक्न र टोल भेलाबाट अनुमोदन भएको कुरालाई साधारणसभामा पेश गर्न सुझावका आधारमा टोल भेला सञ्चालन भइरहेको अध्यक्ष तामाङले प्रष्ट पारे।

सोही पत्रको आधारमा गत आइतबारबाट समूहको पाँच वटा टोलमध्ये बुधबारसम्ममा चार वटा टोलको भेला सम्पन्न भइसकेको समूहकी सचिव तारादेवी आचार्यले जानकारी दिइन्। कार्यसूची अनुसार कार्यसमितिको टोल भेला बिहीबार सम्पन्न हुने र २३ गते (शुक्रबार) २३औं साधारणसभा हुने छ। अध्यक्ष तामाङको अध्यक्षता र वडा सदस्य मगरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा समूहद्वारा जारी प्रेस विज्ञप्ति अध्यक्ष तामाङले प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव आचार्यले गरेकी थिइन्।

# लागूऔषधसहित सात जना पक्राउ



**झापा, माघ २१।** झापाको दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रित लागूऔषधसहित पाँच जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका-१२ बस्ने बर्ष २६ को बिकास परियार र सोही स्थान निवासी शरण राई रहेको प्रहरीले जनाएको छ। उनीहरुलाई झापा भद्रपुर नगरपालिका वडा नं. ५ नरसिंह बगानस्थितमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले शंका लागि चेक जाँच गर्ने क्रममा पक्राउ गरेको हो।

उनीहरुका साथबाट प्रतिबन्धित लागूऔषध डाइजेपाम १८ एम्पुल, बुप्रेनरफिन १८ एम्पुल र फेनारगन १८ एम्पुल (१८ सेट) गरी जम्मा जम्मा ५४ एम्पुल लागूऔषधसहित आवश्यक अनुसन्धान अघि बढाएको बताइएको छ।

त्यस्तै बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-९का २० बर्षीय अजय राजवंशीलाई २ ग्राम २०० मिलिग्राम ब्राउनसुगर, डिजिटल तराजु १ थान, नगद सात हजार रुपैयाँ र मोबाइल २ थानसहित मंगलबार राति ८ बजे पक्राउ गरेको हो।

यसैगरी इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले भारतीय नागरिक किसनगञ्जका ३० बर्षीय मो. आलम र २८ बर्षीय मदिउर रहमानलाई १० ग्राम लागूऔषध ब्राउनसुगर, भारतीय रुपैयाँ ९ हजार १ सय ७०, ५० ग्राम गाँजा र १ थान मोवाइलसहित पक्राउ गरेको हो। पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

उता सुनसरीको इनरुवा नगरपालिका-२ बलाहा नहरबाट २ सय ५० केजी गाँजासहित २ जनालाई पक्राउ गरिएको छ।

को१च ९८५२ नम्बरको बोलेरो गाडीमा ठूलो परिमाणमा गाँजा तस्करी भइरहेको भन्ने बिशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले ब्यारिकेटसहित चेकिङ राखेकोमा बराह क्षेत्रबाट आएको उक्त नम्बरको गाडी ब्यारिकेट लडाएर फरार भएको थियो।


ब्यारिकेटलाई क्षति गरी फरार भएको उक्त गाडीलाई जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बलाहा नहरबाट नियन्त्रणमा लिएको हो। ब्यारिकेट लडाएर भागेको उक्त गाडीलाई नियन्त्रण लिन १ राउण्ड फायर समेत भएको थियो भने उक्त गाडीले भाग्ने क्रममा को१ब २४३६ र को१ब २१०५ नम्बरको मोटरसाइकललाई समेत क्षति पुऱ्याएको तथा १ जना प्रहरी समेत घाइते भएका छन्।

कोशीपुलबाट भागेको उक्त गाडीलाई बलाहा नहरबाट नै नियन्त्रणमा लिएको हो। गाडीसंगै चालक भोजपुर हतुवागढी गाउँपालिका-९का २७ बर्षीय अर्जुन खड्का र गाडीमा सवार धरान-१का २६ बर्षीय ज्याक्सन श्रेष्ठलाई पक्राउ गरिएको छ। उनीहरु सवार गाडीबाट २५० केजी गाँजा, नगद १ लाख ५४ हजार र १ थान खुकुरी समेत बरामद भएको प्रहरीले जनाएको छ।

# कार्की र तिम्सिना केन्द्रीय सदस्य



बलराम कार्की



ऋषिराम तिम्सिना

**झापा, माघ २१।** नेपाल उद्योग वाणिज्य महासंघ व्यापार मेला समितिको केन्द्रीय सदस्यमा झापाका दुई युवा व्यवसायी मनोनित भएका छन्।

नेपाल उद्योग वाणिज्य महासंघको प्रथम विस्तारित बैठकबाट बिर्तामोडका व्यवसायी बलराम कार्की र मेचीनगरका ऋषिराम तिम्सिना मनोनित भएका हुन्।

महासंघका अध्यक्ष शेखर गोल्छाले कार्की र तिम्सिनालाई सदस्यको प्रमाणपत्र प्रदान गरेका थिए। देशभरबाट २१ जना महासंघको व्यापार मेला समितिमा सदस्य रहेका छन्। समितिको सभापतिमा झापाकै व्यवसायी नरेन्द्र कुमार खड्का रहेका छन्।

कार्की बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष, नागरिक स्वास्थ्य सहकारीका अध्यक्ष, झापा गोल्डकपको वरिष्ठ उपाध्यक्ष, लायन्स क्लव लगायत विभिन्न संघ संगठनमा रहेर काम गरिसकेका छन्। त्यस्तै मेचीनगरका व्यवसायी तिम्सिना मेची उद्योग वाणिज्य संघको अध्यक्ष हुन्।

# कर्णाली सहकारीद्वारा कर्जा रकम मिनाहा

**दमक, माघ २१।** झापाको बिर्तामोडमा केन्द्रिय कार्यालय रहेको कर्णाली वचत तथा ऋण सहकारी संस्थाले झापा गाउँपालिकाका एक जना सदस्यले लिएको १० लाखभन्दा धेरै कर्जा रकम मिनाहा गरेको छ।

झापा गाउँपालिकाका शेयर सदस्य समाउल हकले लिएको कर्जा रकम २० लाख रुपैयाँ मध्ये हकको निधन भएको र उनले तिर्न बाँकी १० लाख ६२ हजार १ सय ७४ रुपैयाँ रकम मिनाहा गरिएको सहकारीका सचिव भूपाल बस्नेतले जानकारी दिए।

सहकारीबाट कर्जा लिएका सदस्यको मृत्यु भएमा बाँकी रकम मिनाहा गर्ने नियम बमोजिम



उक्त रकम मिनाहा गरी हकको परिवारलाई मानोचामल बापत ६ हजार रुपैयाँ उपलब्ध गराइएको उनले जानकारी दिए।

सहकारीको शिक्षा उपसमितिको आयोजनामा बुधवार झापा गाउँपालिकामा आयोजित एक दिने सदस्य अनुशिक्षण कार्यक्रमको अवसर पारेर उक्त रकम मिनाहासहित सिदा रकम हस्तान्तरण गरिएको हो।

झापा गाउँपालिका सेवाकेन्द्र व्यवस्थापन उपसमितिका संयोजक टङ्क बिश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष जयनारायण शाहको प्रमुख आतिथ्य रहेको थियो।

सदस्य अनुशिक्षण कार्यक्रममा नीति-नियम सेवा-सुबिधासहित बिशेष उपचार कोषको बारेमा सहकारीका अध्यक्ष टसबहादुर श्रेष्ठ र सचिव भूपाल बस्नेतले सहजीकरण गरेका थिए।

# वैदेशिक लगानीले किसानलाई मार पर्ने

**झापा, माघ २१।** नेपाल डेरी एशोसिएशनले कृषि क्षेत्रमा वैदेशिक लगानी भित्रिए किसानमात्र नभई राष्ट्र नै प्रभावित हुने जनाउँदै देशको अर्थतन्त्र भरथेग गर्दै आएको कृषि क्षेत्रमा वैदेशिक लगानी अनुपयुक्त भएको बताएको छ।

एशोसिएशनले बुधवार विज्ञप्ति निकालेर कृषिमा आधारित उद्योगले बहुराष्ट्रिय कम्पनीहरुसँग प्रतिस्पर्धा गर्न नसक्ने र अन्ततः ती धराशायी हुने चिन्ता व्यक्त गर्दै कृषिमा विदेशी लगानी भित्र्याउने निर्णय फिर्ता लिन सरकारसँग अग्रह गरेको छ।

माहुरीपालनमा रु. चार अर्ब, माछापालनमा रु. ११ अर्ब, डेरी उद्योगमा रु. ३० अर्ब, 'पोल्ट्री'मा रु एक खर्ब २५ अर्ब केराखेतीमा रु तीन अर्ब लगानी भएको तथा ३५ लाखभन्दा बढी किसान तथा श्रमिक मुलकको कृषि क्षेत्रमा आश्रित भएकाले राष्ट्रिय कृषि अर्थतन्त्रलाई जोगाउन कृषिका प्राथमिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने निर्णय फिर्ता लिनुको विकल्प नरहेको जनाएको छ।

# गर्भवतीले कोभिड-१९को खोप लगाउन हुन्छ कि हुँदैन?

**झापा, माघ २१।** गर्भवती महिलाका हिसाबले मेरो सबैभन्दा ठूलो चासो भनेको सुरक्षा हो- इरिन म्याथ्युले भनिन्।

कोरोनाभाइरसको खोप लगाउने कि नलगाउने भन्ने निर्णय गर्नुपर्ने बेलामा उनको गर्भधारणको दोस्रो त्रैमासिक थियो। अमेरिकाको भर्जिनियास्थित एउटा शहरमा स्वास्थ्यकर्मीका रूपमा कार्यरत भएकाले उनी खोप लगाउन योग्य थिइन्। तर डा. म्याथ्युको मनमा थुप्रै प्रश्नहरू थिए।

एकातिर प्राथमिक सेवाको चिकित्सक भएकाले कोभिड-१९ सङ्क्रमणको उच्च जोखिममा थिएँ- उनले भनिन्। अर्कोतर्फ गर्भवती महिलालाई खोप लगाउँदा कति सुरक्षित छ भन्ने तथ्याङ्क हामीसँग छैन।

**गर्भवती महिला र खोप**

विश्व स्वास्थ्य सङ्गठनले फाइजर-बायोएनटेक र मोर्डनाले विकास गरेका खोपहरू लगाउनेबारे सुझावहरू प्रकाशित गरेको छ।

त्यसमा अहिलेका लागि गर्भवती महिलालाई खोप लगाउन सुझाइएको छैन। नसुझाइएको खोपले हानी पुऱ्याएका प्रमाण भएर होइन कि त्यसबारे तथ्याङ्कको कमीका कारणले हो। तर, गर्भवती महिलाहरू कोरोनाभाइरस सङ्क्रमणको उच्च खतराबाट जोगिनै नसक्ने अवस्थामा छन्। त्यस्तो बेला स्वास्थ्य सेवा प्रदायकसँग खोपबारे छलफल गर्न सकिने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

सङ्गठनले गर्भवती भएका बेला कोभिड-१९ को खतराबारे पनि उल्लेख गरेको छ। गर्भवती नभएका महिलाहरूभन्दा गर्भवती महिलाहरू कोभिड-१९ को उच्च जोखिममा छन्, समय नपुग्दै बच्चा जन्मने खतरा पनि कोभिड-१९ सँग सम्बन्धित छ- सङ्गठनको निर्देशिकामा भनिएको छ।

डा. म्याथ्युले पनि आफ्ना चिकित्सक र गर्भवती रहेका अन्य सहकर्मीहरूसँग यसबारे छलफल गरिन्। खोप लगाउँदा हुनसक्ने अज्ञात जोखिम र खोप नलगाउँदा कोभिड-१९ ले मेरो गर्भलाई पार्ने जोखिम विचार गर्दा के गर्ने भन्ने निर्णय मेरा लागि स्पष्ट थियो- म्याथ्युले भनिन्।

उनले ज्यानुअरीमा खोपको पहिलो मात्रा लिइन् र अर्को मात्रा फेब्रुअरीमा लिने छिन्। अन्य महिलाहरूले भने फरक निर्णय लिइरहेका छन्। अमेरिकाको दक्षिण पश्चिममा रहेको ओहायोकी जोआना सुलिभानको बच्चा आउँदो जुनमा जन्मिनेछ। बच्चा नजन्मिँदासम्म खोप नलगाउने योजनामा उनी छिन्।

**तथ्यांकले के भन्छ ?**

अहिलेसम्म खासै तथ्याङ्क छैन। प्रयोगका लागि अनुमति दिइएका खोपहरूको परीक्षण गर्भवती महिलामाथि गर्न अझै बाँकी छ, तर पनि त्यसको प्रभावकारिता उच्च रहने र सुरक्षित हुने विवरणहरू छन्- जोन्स हप्किन्स बर्मन इन्स्टीच्युट अफ बायोएथिक्स विषयमा प्राध्यापक गर्ने कार्ली रूबिनरले भनिन्।

खोपले गर्भवती र स्तनपान गराउने महिलालाई खतरा हुन्छ भन्ने कुनै प्रमाण छैन। के मात्रै हो भने त्यसबारे अहिलेसम्म अध्ययनहरू भएका छैनन्। फाइजरले गर्भवती र स्तनपान गराउने महिलालाई खोपको परीक्षणमा सामेल गरेको थिएन।

**गर्भवती महिलालाई किन समावेश गरिएन ?**

विज्ञहरू यसलाई सामान्य मान्छन्। महामारी नभएको समयमा, यदि हामीले नयाँ कुनै खोपको प्रारम्भिक परीक्षणहरूमा गर्भवती महिलालाई समावेश गर्ने कुरा गरेको भए सबैले समावेश गर्न हुँदैन भन्थे- जोन्स हप्किन्सकै अर्का बायोएथिशिष्ट डा. रुथ फाडेनले भने।

बायोएथिक्समा गर्भवती महिलालाई जटिल जनसंख्या अन्तर्गत राखिने डाक्टर फाडेनले बताए। इबोलाका बेला कङ्गोमा खोप कार्यक्रम थालिएपछि सुरुमा गर्भवती र स्तनपान गराउने महिलालाई खोप दिइएको थिएन- कार्लिले भनिन्।

पछि स्तनपान गराउने महिलाहरूले खोप लगाउनका लागि अनावश्यक र सम्भावित हानी पुऱ्याउने जोखिम मोलेर खोप कार्यक्रम भएका ठाउँमा पुगे। उनी भन्छिन्- अहिले तथ्यहरूको अभावका बेला धेरैले फाइदा धेरै हुने र सुरक्षित खोप लगाउन अघि नसरेका हुन्।

**यसबारे कस्तो उपाय ?**

गर्भवती भएका बेला खोप लगाउने कि नलगाउने भनेर फरक देशले फरक तरिका अपनाइरहेका छन्। उपलब्ध तथ्यहरूले गर्भवती महिलामा सुरक्षासम्बन्धी चासो वा त्यसको हानिबारे केही सङ्केत नगरे पनि त्यस्तो बेला कोभिड-१९ को खोपको नियमित प्रयोग सुझाउन पर्याप्त प्रमाण छैन- रोयल कलेज अफ अब्स्ट्रेटिसियन एन्ड गाइनोकोलोजिष्ट आरसीओजीले भनेको छ।

स्तनपान गराउने महिलाले प्रयोग गर्न हुने वा नहुने भन्ने बारे आरसीओजीले कुनै खतरा थाहा नभएको र पर्याप्त तथ्यहरू थाहा नभएकोबारे महिलालाई भन्नुपर्ने जनाएको छ। अन्य देशहरू जस्तै इजरेलमा भने उच्च जोखिममा रहेका गर्भवती महिलालाई खोप दिने सूचीको प्राथमिकतामा राखिएको छ। तर भारतमा भने गर्भवती र स्तनपान गराउने महिलालाई थप अध्ययन नगरिँदासम्म खोप नदिइएको बताइएको छ। *बीबीसी*

## फोक्सोको ...

क्यान्सरका बिरामी आउने गर्दछन्। महिलामा हुने स्तन क्यान्सरलाई स्क्रिनिङ्ग गर्ने मेमोग्राफी मेसिनले क्यान्सरको अर्ली स्टेज पत्ता लगाई समयमै उपचार गर्न मद्दत गर्दछ।

६० प्रतिशतभन्दा बढी क्यान्सर हाम्रो दैनिक जीवनमा उपभोग गर्ने खानपिनको कारणले हुने गर्दछ। जस्तै मध्यपान, धुम्रपान, तारेको, पोलेको तथा जंक फुडको कारणले हुन गर्दछ। क्यान्सर खतरनाक रोग भए तापनि समयमै यसको पत्ता लगाई उपचार गरेमा अधिक जीवन बाँच्न सफल हुन्छ।


## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००



## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।*

सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)


## कनकाईमा ...

पनि भावी पुस्ताका लागि अब सहज हुने आशा पलाएको स्थानीयवासी बताउँछन्। जतिसक्दो चाँडो स्थानीयवासीलाई धनीपुर्जा वितरण गर्ने कार्यमा जनप्रतिनिधिका तर्फबाट आफूहरु लागेको बताउँदै स्थानीय सरकार प्रमुख पोखरेलले यो ऐतिहासिक कार्यका लागि सम्बन्धित सबैसँग धैर्यका साथ एकजुट हुन आग्रह गरे।

कनकाई नगर क्षेत्रमा वर्षौंदेखि जोतभोग भइरहेका जमीनको धनीपुर्जा वितरणका लागि यसअघि पनि विभिन्न चरणमा आएका भूमिसम्बन्धी समस्या समाधान आयोगले धनीपुर्जा वितरणको काम गर्न नसक्दा स्थानीयवासीले गुनासो गर्दै आएका थिए। यसपटक पनि वर्तमान अवस्थामा देशको राजनीतिमा देखिएको अस्थिरताका कारण धनीपुर्जा वितरणमा समस्या त आउँदैन ? भन्ने जिज्ञासामा स्थानीय सरकार कनकाई नगरपालिकाका प्रमुख पोखरेलले अब कनकाई नगर क्षेत्रमा धनीपुर्जा वितरणको काममा राष्ट्रिय राजनीतिले कुनै असर नपार्ने बताए।

आवश्यक प्रक्रिया पूरा गरी स्थानीय सरकारकातर्फबाट सम्बन्धित व्यक्ति तथा परिवारलाई बसोबास र जोतभोगका आधारमा जग्गाधनी दर्ता पूर्जा वितरण गररै आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाउँदै नगर प्रमुख पोखरेलले नगरवासीलाई सकारात्मक सोचका साथ ढुक्क रहन अनुरोध गरे।

बसोबासका लागि बढीमा एक कठ्ठा र कृषियोग्य जमीनका लागि पाँच कठ्ठा १८ धुर जमिन जोतभोगका आधारमा कनकाईवासीले निःशुल्क पाउने र बढीमा डेढ बिगाहसम्म जमीन केही सीमित शुल्क लिएर धनीपुर्जा वितरण गरिने तयारी रहेको नगर प्रमुख पोखरेलले जानकारी दिए।

## आगलागीबाट ...

मगरको मृत्यु भएको छ।

मगरको घरमा अचानक आगलागी हुँदा ७ बर्षीय बालकको जलेर घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ का श्री गोमादेवी खनालले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा स्थलगत सर्जमिन गर्न जाँदा संधियारहरुको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को दफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिलः
१) पूर्वतर्फ- श्री कुसुम आचार्य
२) पश्चिमतर्फ- श्री कुमारी खतिवडा
३) उत्तरतर्फ- श्री सावित्रीदेवी निरौला
४) दक्षिणतर्फ- बाटो

| जग्गा रहेको स्थान | कि.नं. | नक्सा दर्ता | क्षेत्रफल | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | ३३१०, ७६६१ | २४४९ (२०७७।१०।०४) | ०-०-१० | २०७७।१०।२० | २०७७।१०।२१ |


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## अनपेक्षित परिणाम नआओस्

**प्रधानमन्त्रीले निर्वाचनको मिति एकदिन पनि 'तल–माथि' नहुने दाबी गरिरहेका बेला निर्वाचन आयोगले भने सत्तारुढ दलभित्रको विवाद नभएसम्म निर्वाचन सहज नहुने जनाएको छ । कार्यकारी अधिकार भएका प्रधानमन्त्रीको यस्तो दाबी र दवाबले सम्भावित निर्वाचनको सम्पन्नतामा अनेक प्रश्न उठ्न सक्ने संकेत पनि देखिँदैछ । सरकार प्रमुखले गरेको मध्यावधिको निर्णयविरुद्ध सत्तारुढ दलकै एउटा समूह सडक संघर्षमा छ भने प्रतिपक्षी लगायतका दलहरु संसद पुनर्स्थापना हुनुपर्ने मागमा अडिग छन् । यही विवादकाबीच सरकार पनि सडक प्रदर्शनमा उत्रिएको अवस्थामा वैश्विक महामारी कोरोना भाइरसको जोखिम झनै बढेको छ । सत्तारुढ दल नेकपाको दुबै समूह आ–आफूलाई वैधानिक सिद्ध गर्न लागीपरेका छन् । सबैभन्दा ठूलो दल भनिएको नेकपाभित्रको विवादको निरुपण नभइकन निर्वाचन गराउन सहज नहुने भन्दै आयुक्तहरुले विवादको हल गर्न सुझाव दिएका छन् ।**

**विद्यमान असाधारण परिस्थितिबाट निकास खोज्न भन्दै निर्वाचन आयोगले पूर्व आयुक्तहरुसँग विमर्श गरेको छ । विमर्शमा सहभागी आयुक्तहरुले निर्वाचन आयोग सरकारको मातहतमा रहने संस्था नभएको जिकिर गर्दै कानूनी प्रक्रियालाई टेकेर निर्णय गर्नुपर्ने सुझाव दिए । राजनीतिक दलहरु मध्ये पनि सत्तारुढ दलको दायित्व बढी हुने भएकाले निर्वाचन आयोगलाई काम गर्ने वातावण तयार गरिदिनु उसको कर्तव्य हुनु पर्दछ । 'जुंगाको लडाइँ'मा जनतालाई उत्तेजित बनाउँदै जुलुस प्रदर्शनमा उतारेर उनकै टाउकोमा टेकेर निहित स्वार्थ पूर्तिमा लाग्नु राजनीतिक दललाई सुहाउने कुरा होइन । एउटै दलभित्रको झण्डा, चिह्न र पदाधिकारी जस्ता विषयको विवादको निरुपण दलभित्रैबाट हुन नसके आयोगले केन्द्रीय समिति वा पदाधिकारीको बहुमतका आधारमा मान्यता दिनु कानूनको पालना हुन सक्छ ।**

**सत्तारुढ नेकपाको विवादमा सर्वोच्च अदालतले फैसला नगरुञ्जेल निर्वाचन आयोगले निर्वाचन प्रक्रिया अघि बढाउन सक्दैन । अझ प्रारम्भिक चरणमै गर्नुपर्ने दल दर्ता सम्बन्धी प्रक्रिया सत्तारुढ दलकै कारण अवरुद्ध छ । निर्वाचन प्रक्रिया पूरा गर्ने समय क्रमशः कम हुँदै गएको छ । कुनै पक्षले निर्वाचन आयोगमा आधिकारिकताको दाबी नगरेका कारण आयोग निर्वाचन मिति घोषणा पूर्वकै अवस्थामा छ । उसले गरेको निर्णयले सवैधानिक संकटको वैधानिक र न्यायपूर्ण समाधान खाजेरै अघि बढ्नु पर्दछ । त्यसका लागि सरकारका तर्फबाट उचित सहयोग आवश्यक हुन्छ । अभिभावकले स–साना कुरामा 'निहुँ' खोजेर, 'खोचे' थापेर समस्या जटिल बनाउनेतर्फ लाग्नु हुँदैन । पदको आडमा गरिएको शक्ति प्रदर्शन र दवाबले विधि स्थापित हुन सक्दैन । यसतर्फ सरकारकै ध्यान जानु पर्छ । होइन भने दलीय व्यवस्थाप्रति बढ्दै गएको वितृष्णाले अनपेक्षित परिणाम दिन बेर लाग्दैन ।**

## राजनीतिक संस्कार, आजको आवश्यकता



**उदय मैनाली**

**पृष्ठभूमि**

सु-संस्कृत राजनीतिक संस्कार एक प्रकारको अवधारणा हो । यो अवधारणा राजनीतिक भूगोल, आस्था, व्यवस्था, सामाजिक तथा सांस्कृतिक अवस्थितिसँग सम्बन्धित नवोदित परिकल्पना हो । विश्व राजनीतिक इतिहासमा यस परिकल्पनाको विकास दोस्रो विश्वयुद्ध पछि विकसित भएको पाइन्छ । राजनीति शास्त्रका शोधकर्ताको अध्ययन र अनुसन्धानबाट यस विषयमा अझ बढी स्पष्टता र अनिवार्यताको खाँचो औंल्याएका छन् ।

ती विद्धानहरुले राजनीति र यसको कुशल व्यवस्थापनका क्षेत्रमा उदाहरणीय कार्य गरेका विश्वका केही विकसित देशहरु फ्रान्स, बेलायत, अमेरीका, जर्मनी, जापान तथा कुशल राजनीतिक संस्कार कायम हुन नसकेका विकासशील मुलकहरु भारत, पाकिस्तान, इजिप्ट तथा अफ्रिकी मुलुकहरुमा गरेको तुलनात्मक अध्ययनबाट सु-संस्कृत राजनीतिक संस्कारबाट मुलुक समृद्ध र विकसित भएको यस परिकल्पनामा खरो उत्रन नसकेका मुलुकहरुमा अस्थिरता, आर्थिक विपन्नता र अशान्तिको अवस्था रहेको निष्कर्ष निकालेका छन् ।

यसरी विश्व राजनीतिक व्यवस्थामा राजनीतिक संस्कारको अपरिहार्यता लोकप्रिय हुँदै गएको छ भने यस्तो संस्कारयुक्त मुलुकको सामाजिक, आर्थिक र वैज्ञानिक विकासको महत्वपूर्ण आधार बनेको छ । तसर्थ, राजनीति शास्त्रका विद्धान लुसियन पाइले प्रत्येक समाज र मुलुकमा असल राजनीतिक संस्कारले उक्त समाज र मुलुकमा राजनीतिक प्रक्रियालाई सही स्वरुप र ढाँचा प्रदान गरेको



हुन्छ । त्यस्तै पारसन्स, मेनहिन, सिडनी बर्मा, आँमण्ड जस्ता राजनीतिक विज्ञानका प्रकाण्ड विद्धानहरुले पनि राजनीतिक संस्कार कुशल राजनीति सञ्चालनको मेरुदण्ड भनेका छन् । यस अवधारणाको बारेमा सर्वप्रथम आँमण्ड नामक विद्धानले सन् १९५६ मा प्रस्तुत गरेका थिए ।

राजनीतिक संस्कारको अवधारणा आधुनिक विश्वमा नविनतम् परिकल्पना भएता पनि पूर्वीय दर्शनमा यस विचारलाई परापूर्वकालदेखि नै प्रयोग गरिएको पाइन्छ । रामराज्यको परिकल्पना पनि यसैको उदाहरणको रुपमा लिन सकिन्छ । राजनीतिक संस्कारभित्र सिमित भूगोल अन्तर्गत परम्परादेखि चलि आएका मानवीय व्यवहार, मान्यता, विश्वास, साहित्य, कला कौशल, सामाजिक प्रथा, मूल्यमान्यता, नैतिकता आदिको प्रभाव रहेको हुन्छ । वास्तवमा यो एक प्रकारको आदर्श र कल्याणकारी समाज तथा राज्यको परिकल्पना हो । जसले मानिस जति सामाजिक प्राणी हो त्यति नै राजनीतिक प्राणी पनि हो भन्ने अरस्तुको भनाईलाई प्रयोग गर्दै राजनीतिक संस्कारले समाजलाई सही र असल मार्गमा हिँडाउन सक्छ भन्ने सप्रमाण पेश गरेको छ ।

**नेपालको सन्दर्भ**

सम्पूर्ण नीतिको प्रमुख नीति राजनीतिलाई मानिन्छ । नेपालको इतिहासदेखि वर्तमानसम्मको राजनीतिक संस्कारको अवस्था हेर्दा पूर्वाग्रह, कलह, विद्रोहको रुपमा विविध राजनीतिक व्यवस्थाको प्रयोग र अवलोकनमा नै बितेको पाइन्छ । चाहे त्यो राजतन्त्रभित्रको आन्तरिक शक्ति संघर्ष, दरबारीय षड्यन्त्र होस् वा राणा शासनको पारिवारिक खिचातानी, चाहे त्यो प्रजातन्त्र स्थापना पछिको दलीय स्वार्थ होस् वा गणतन्त्र स्थापना पछिको कुर्सी र पदको लागि अपनाइएका हदकण्डा, खुट्टा तानातान । सबै राजनीतिक व्यवस्थाको अवस्था हेर्दा नेपाली राजनीतिलाई नजिकबाट नियालिरहेका तथा आम मानिसहरुमा वितृष्णाको भावनाले डेरा जमाएको छ । अझ वर्तमानको नयाँ पिँढी त राजनीतिलाई फोहोरी खेल भनिरहेको छ । आजको पिँढी राजनीति भनिसक्दा छिः छिः दुरः दुरः गर्दै टाढिनुले नेपाली परिवेशमा असल राजनीतिक संस्कारको बहुत ठूलो अभाव नै हो भन्ने स्पष्ट पार्दछ ।

प्रविधि र आधुनिक मिडियाको विकाससँगै विश्वका जुनसुकै कुनामा भएका घटना परिघटना सजिलै जहाँसुकै बसेर पनि अध्ययन मनन गर्न सकिने आजको युगमा जनता पक्कै पनि लाटा सोझा छैनन् । विश्वका केही मुलुकहरु जसले राजनीतिक संस्कारलाई आत्मसाथ गर्न सके उक्त देशहरुको प्रगती र समृद्धि देखेर पनि सायद यहाँका मानिसहरु विरक्तिएका होलान् । हुन पनि हो हाम्रो नजिकको उत्तरी छिमेकी राष्ट्र चीन जसले आर्थिक उदारीकरणको नीति लिँदै जाँदा विश्वमै आर्थिक रुपमा पहिलो मुलुक भएको छ । किनकि त्यहाँको राजनीतिक संस्कार उच्च कोटीको छ, जसमा त्यहाँको कम्युनिष्ट पार्टीको केन्द्रिय समितिले गरेको निर्णय र एजेण्डा हुबहु लागू हुन्छ । त्यस्तै सु-संस्कृत राजनीतिको अभ्यास गरेका बेलायत, फ्रान्स, जापान सबै क्षेत्रमा उत्कृष्ट राज्यका रुपमा चिनिएका छन् ।

लोकतन्त्रको लागि नेपाली जनताले गरेको कठोर त्याग, बलिदान र उत्सर्गबाट प्राप्त उपलब्धिको रुपमा रहेको हालको संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान कार्यन्वयनसँगै विकास र समृद्धिको जनआकांक्षा सम्बोधन गर्ने असल राजनीतिक जिम्मेवारी बहन गर्न अहिलेको राजनीतिक संस्कार बोकेका नेतृत्व र दल कतिसम्म सफल वा असफल भए हुनेछन् जनताले मूल्यांकन गरेको महत्वपूर्ण विषय हो । नेपाली राजनीतिक संस्कारको बारेमा समकालिन नेपाली राजनीतिक विश्लेषक र बौद्धिक व्यक्तिहरुको पनि आ-आफ्नो मत रहेका छ ।

राजनीतिक विश्लेषक प्राध्यापक डा. सुरेन्द्र केसी भन्नुहुन्छ- राजनीतिक संस्कार भनेको राजनीतिलाई व्यवहारमा लैजाँदा अभ्यासमा आउने चरित्र हो । तर, दुर्भाग्य हाम्रो मुलुकमा राजनीतिक संस्कार परिस्कृत हुन सकेको छैन । त्यो हामीले अनुभूत गर्न, हेर्न र महशुस गर्न सकेका छैनौँ । राजनीतिक दलहरु तथा यिनका कार्यकर्ताहरुको संस्कार औसत रुपमा देखिए पनि मुख्य रुपमा अल्पविकसित मानसिकताको राजनीतिक संस्कार नै नेपाली समाजको अभिषाप हो ।

असल राजनीतिक संस्कारले आपसमा सद्भाव, सम्मान, मूल्यमान्यतामा एकता र सहकार्य खोज्दछ । तर, अफसोच यहाँ त अरुको आस्थाको सम्मान त परै जाओस् एउटै विचारबीचमा एकता र सहकार्य देख्न सकिएको छैन । उदारता, सत्यता, प्रजातान्त्रिक व्यवहार, अरुको विचारको सम्मान, अरुलाई स्थान दिन सक्ने संस्कारको विकासले मात्र सु-संस्कृत राजनीतिक संस्कारको जग बलियो हुन्छ ।

नेपाली समाज राजनीतिक रंगको चस्मा उतारेर अध्ययन गर्ने हो अत्यन्त्यै सु-संस्कृत संस्कारयुक्त समाज हो, तसर्थ हामी नेपाली संसारभरि प्रिय छौं । तर, राजनीति संस्कारको अनुपस्थितिमा यति सुन्दर, सामाजिक, सांस्कृतिक संस्कार बोकेको नेपाली समाज परिस्कृत हुनुको साटो अझ पछाडि परिरहेको छ । तसर्थ, राजनीति गर्ने र तिनलाई खबरदारी गर्ने जो सुकैले असल राजनीतिक संस्कार पाठ राम्रोसँग पढेर बुझेर मात्र यस सेवाको क्षेत्रमा लाग्ने अभियानमा लाग्नुपर्दछ । राजनीतिकर्मी बन्नुको पहिलो कर्तव्य नै संस्कारलाई परिस्कृत गरी देश र समाजलाई योगदान गर्नु हो भन्ने भुल्नु हुँदैन ।

## किन धर्मको बाटो रोज्यो !



**रबिना मैनाली**

विगतबाट नै हेर्दै आउने हो भने नेपाली राजनीतिको राजनीतिक अवस्था अस्थिर रहेको छ र विगतबाटै राजनीतिक नैतिकतासम्म पालना नगरेर राजनीति गर्ने राजनेताहरुको बिगबिगी रहेको छ । नेपाली जनताले पाएको सास्ती, दुःख-कष्ट खै कसले बुझिदिने ?

यहाँ त सबैलाई आफूले पाएको दुःखको मात्र ख्याल छ । विशेष गरेर हाम्रा नेताहरुलाई ! सायद त्यही भएर त होला जो आउँछ आफ्नो मात्र बिकास गरेर जान्छ । देश भने हेरेको हेरै...! कसलाई ध्यान यहाँ ? कि जनताको मर्म के छ ? देशको अर्थतन्त्र कहाँ पुग्यो ? कसले गरेको छ हिसाब नेपाली युवाको कति पसिनाका थोपा कहाँ कसरी चुहिए भनेर ?

बिदेशमा गएर मर्ने र नेपालमा जागिर नपाएर ऋणको नाम्लो थाप्लोले थेग्न नसकेपछि निराश भएर आत्महत्या गर्न बाध्य हुने नेपाली युवालाई यही आजको राजनीतिले मारेको हो भन्दा दुईमत हुने छैन । नेपाली ओछ्यानबाट हराए, कोही जिउँदै लास भएर बाच्नु परेको छ । नेताका भाषण सुनिन्छ- हामीले दुःख गरेर यहाँ आयौं भनेर । दुःख गरेर होइन दुःख दिएर यहाँसम्म आयौं भन्नु होला नेताज्यू आगामी भाषणमा...!

आफ्नो सत्ता र कुर्सी जोगाउन जस्तोसुकै काम गर्न पनि नहिचकिचाउने हाम्रा बहादुर नेताहरुले कहिले कानून तोड्नु भयो, कहिले मत पत्र च्यात्नु भयो यसपाली त संविधान नै च्यात्नु भयो । आफू र आफ्नो विकासका लागि तँ कुटे जस्तो गर म रोए जस्तो गर्छु भने झैं गरेर सत्ता टिकाउन छिमेकी राष्ट्रहरु सँगको सम्बन्धलाई मिलाएर लैजान हाम्रा मल्टिट्यालेन्ट नेता खुब सफल भएका छन् । यो सब आँखाले देख्दादेख्दै र बुझ्दाबुझ्दै चुप बसे पछि नेपाली जनताको बेहोसी र मुर्खताको फाइदा जुकाको मुख भएका नेताहरुले सधैं लुटिरहने छन् । नेपाली उखान छ- एउटा लोभी मान्छेले झिंगाको पनि बोसो झिक्छ रे हाम्रो देशका नेताहरु कुर्सी र सत्ताको लोभमा नेपाली जनताको मनभित्र रहेको कोमल भावनालाई ब्ल्याकमेल गरेर आफ्नो सत्ता जोगाउन जुनसुकै हदसम्म पनि गिर्न सक्दछन् ।

ग्यास, बिजुली, पानी, बाटो घाटो त पुराना भए जसलाई यथावत नै राखौं । अहिले त



जनता, नेपाली युवाले पाएको दुःखको प्रमुख कारण आजको अस्थिर राजनीति हो ।

वर्तमान अवस्थालाई अवलोकन गरेर विश्लेषण गर्ने हो भने राजनीतिमा मै खाउ भन्ने प्रवृत्ति हर दिन मौलाउँदै गएको छ । जसले नेपाली जनतालाई हरेक ठाउँमा सास्ती दिएको छ । घुसखोरी र भ्रष्टाचारले छलाङ मारेर जनताको शान्तिको पर्खाललाई नाघेर धुम मच्चाउन सधैं सफल रहेको छ । बिकास निर्माणका काममा ढिलासुस्ती र कच्चा कामले देशको अर्थतन्त्रमा पर्न गएको असर र जनताले पाएको कष्ट र सजायको गणित कुन नेताले हल गर्न सक्लान् र ? जनताको सुख शान्तिको गणित बिगार्ने नै यिनै नेता र यिनैको राजनीति त हो अनि फेरि जनताले आशा को बाट राख्ने ?

आफूलाई नै नपुगेको बेला हाम्रा नेताहरुलाई देशमा आउने भैपरी समस्याको बारेमा सोच्न र काम गर्न समयको अभाव सधैं रह्यो । वर्तमान राजनीतिको अवस्थालाई हेरौं, राजनीति धरातललाई लथालिङ्ग बनाएर सिङ्गो देशलाई हासोको पात्र बनाउन पछि हटेका छैनन् । छेप्पारोले रंग फेर्दै आए झैं आएर सोझा जनतामाथि कहिले खुकुरी कहिले बारुद फ्याँक्न पछि रहेनन् । अनेक किसिमका दुःख भोगेका छन् नेपाली जनताले । सोच्दै नसोचेका र देख्दै नदेखेका दिनहरु भोगेर आएका छन् नेपाली जनताले । कसैका काख रित्तिए, कसैका सिउँदो उजाडियो, कोही कहिले लिपुलेक र कालापानी आश देखाएर त कहिले हिन्दू राष्ट्र घोषणा गर्ने लोभ देखाएर नेपाली जनताको देश प्रेम र धर्म प्रेमसँगको भावनालाई मोहोरा बनाइँदैछ ।

आगामी माघ २३ मा हुने भन्ने हिन्दू राष्ट्र घोषणाले धर्मको टोपी लागाएर धोती न टोपीको बनाउने चाल त कतै होइन यो ! नेपाली राजनीतिले नेपाल आमाको कहिले रगतसँग, कहिले खुशीसँग, कहिले शान्तिसँग कहिले सन्तानसँग खेल्यो अब त खेलले धर्मको बाटो रोज्यो, यो त एउटा माछी थाप्ने जाल मात्र हो, जुन काम आज धमाधम हुन खोज्दैछन् के त्यसमा जनताको भलाई छ ? कि सत्ता जोगाउने खेल हो यो ? जवाफ नेपाली जनताले अब उनीहरुबाट खोज्ने होइन आफूले मूल्यांकन गर्ने बेला आएको छ ।

विगतमा किन भएन यी कामहरु ? यो काम हुन किन संसद विघटन गर्नुपर्‍यो ? किन संविधान च्यातेर कुल्चिएपछि लिपुलेक र हिन्दू राष्ट्रको याद आयो प्रधानमन्त्रीलाई ? किन आजै यी कामहरुको मौका छोपिँदैछ ? अब नेपाली जनताले बुझ्नैपर्छ कि बलिको बाखालाई मार्नुअघि हरियो घाँस ल्याएर दिइन्छ । यो कसैका भनाई र प्रलोभनमा नपरी सम्पूर्ण नेपाली जनताले अब धर्मको नाममा हुन लागेको खेललाई बुझ्नैपर्छ र देश र जनतालाई भकुण्डो बनाएर खेल्ने यस्ता हर नेतालाई डाँडा कटाउनै पर्छ ।

## बाल सुबोधिनीमा अक्षयकोष स्थापना



**दुहागढी, माघ २१।** मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा हरिप्रसाद लोकमाया भागिरथा स्मृति अक्षयकोषको स्थापना भएको छ ।

स्थानीय शिक्षासेवीहरु चुडामणि सुवेदी, भोला सुवेदी र कृष्ण सुवेदीले आफ्ना दिवंगत बुबा हरिप्रसाद सुवेदी, आमाहरु लोकमाया र भागिरथा सुवेदीको स्मृतिमा पाँच लाख रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका हुन् ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच अक्षयकोष दाताहरुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल सुब्बा र प्रधानाध्यापक विश्व थापालाई अक्षयकोषको रकम हस्तान्तरण गरेका थिए ।

सोही कार्यक्रका बीच दाताहरुले विद्यालयको शैक्षिक विकासका लागि ५० हजार रुपैयाँ सहयोग समेत गरेका थिए । अक्षयकोषबाट प्राप्त हुने ब्याज विद्यालयको पुस्तकालयका लागि पुस्तक खरिद र इ-लाइब्रेरी व्यवस्थापनमा खर्च गरिने विद्यालयले जनाएको छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुब्बाले विद्यालयमा विभिन्न दाताहरुले स्थापना गरिदिएको अक्षयकोष आठ वटा पुगेको जानकारी दिँदै सबै दाताहरुलाई धन्यवाद दिएका थिए ।

## एनसेलको विन्टर अफर

**झापा, माघ २१।** एनसेल आजियाटा लिमिटेडले आफ्नो विन्टर अफर अन्तर्गत लोकल दरमा नै भारत कल गर्नपाइने गरी दैनिक र तीन दिने सहुलियत प्याक गरी दुई वटा भ्वाइस प्याकहरु ल्याएको छ ।

यो अफर एनसेलले आफ्नो नयाँ अभियान 'फास्ट फरवार्ड लाइफ' अन्तर्गत ल्याएको हो । दैनिक भ्वाइस प्याक अन्तर्गत ग्राहकले कर सहितमात्र रु. २५ मा भारतीय नम्बरमा १० मिनेट कल गर्न सक्छन् । दैनिक प्याक सुचारु भएपछि २४ घण्टासम्म यसको समयसीमा रहन्छ ।

यो भ्वाइस प्याक खरिद गर्न प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स ७ एस्ट्रिक्स १ ह्यास डायल गर्न सक्छन् ।

त्यस्तैगरी विन्टर अफर अन्तर्गत प्रिपेड ग्राहकका लागि तीन दिने सहुलियत दरको भ्वाइस प्याकपनि रहेको छ । तीन दिनको समयसिमा रहेको यो भ्वाइस प्याकग्राहकले करसहित मात्र रु. १४ मा खरिद गर्न सक्छन् र मात्र रु. १.९९ प्रतिमिनेट (करसहित रु २.५४ प्रतिमिनेट)को दरमा भारत कल गरी आफ्ना परिवारका सदस्य तथा साथीभाइसँग सम्पर्कमा रही रहन सक्छन् ।

भ्वाइस प्याकबिना भारत कलगर्दा विद्यमान शुल्क रु. २.९९ प्रतिमिनेट (करसहित रु. ३.८२ प्रतिमिनेट) रहेको छ । प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स ७ एस्ट्रिक्स २ ह्यास डायल गरी यो भ्वाइस प्याक सजिलै सुचारु गर्न सक्छन् ।

## लोकसेवा तयारी कक्षा

**दुहागढी, माघ २१।** एक महिने निःशुल्क लोकसेवा तयारी कक्षा झापाको दुहागढीमा बुधबारदेखि शुरु भएको छ ।

नेपाल आदिबासी जनजाति महासंघ वडा समन्वय परिषद् मेचीनगर-१४ को आयोजना तथा १४ नं. वडा कार्यालयको आर्थिक सहयोगमा खरिदार पदको तयारी कक्षा शुरु भएको हो । प्रशिक्षणको उद्घाटन मेचीनगर-१४ का वडाध्यक्ष शंकरप्रसाद पोखरेलले गरेका थिए ।

बाल सुबोधिनी माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको प्रशिक्षणमा विभिन्न विषयमा राजन सुबेदीसहित १० जना प्रशिक्षकहरुले सहजीकरण गर्ने आयोजक संस्थाले जनाएको छ । प्रशिक्षणमा स्थानीय ३५ जनाको सहभागिता रहेको छ ।

कार्यक्रममा कृष्णकुमारी सुवेदी, जीवन प्रसाई, विश्व थापा, कार्यपालिका सदस्य बिन्दा प्रसाई, नेपाल आदिबासी जनजाति महासंघ मेचीनगर समन्वय परिषद्का अध्यक्ष ओमप्रकाश खापुङ लगायतले मन्तव्य राखेका थिए । आयोजक संस्थाका अध्यक्ष मुनिलाल राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन मनिषा राजवंशीले गरेकी थिइन् ।

